'बालमैत्री नगर सुनवलको पहिचान, समृद्ध नगर हाम्रो अभियान'

सङ्घीयता पछिको

नेपालको पहिलो बालमैत्री नगरपालिका

घोषणा समारोहमा

सुनवल नगरपालिकाका नगर प्रमुख

श्री भीम बहादुर थापा क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन

मितिः २०७५/०५/०३

सङ्घीय संरचनापछि नेपालकै पहिलो बालमैत्री नगर घोषणा समारोहमा सुनवल नगरपालिकाका नगर प्रमुख श्री भीम बहादुर थापा क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन-२०७५

घोषणा समारोहका प्रमुख अतिथि प्रदेश नं.५ का माननीय मुख्य मन्त्री शंकर पोखरेल ज्यू,
प्रतिनिधि सभाका माननीय सांसदज्यूहरू,
प्रदेश नं. ५ का माननीय मन्त्रीज्यूहरू,
प्रदेश नं. ५ का प्रदेशसभाका माननीय सांसद ज्यूहरू,
जिल्ला समन्वय समितिका प्रमुख ज्यू,
प्रमुख जिल्ला अधिकारी ज्यू,
विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुख ज्यूहरू,
गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष ज्यूहरू एवं प्रतिनिधि ज्यूहरू,
विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
मञ्चमा आसिन विभिन्न निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
सुरक्षाकर्मी, सञ्चारकर्मी, तथा निजी क्षेत्रका प्रतिनिधि ज्यूहरू लगायत
वर्तमानका साझेदार, भविष्यका कर्णधार प्यारा बालबालिका साथै सुनवल नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण सरकारी निकाय तथा गैरसरकारी संघसंस्था, नागरिक समाज एवं नगरवासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरू ।

वर्तमानका साझेदार र भविष्यका कर्णधार बालबालिकाको अधिकारको सुनिश्चितताका लागि बालबचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागीतालाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्दै नेपालको पहिलो बालमैत्री स्थानीय तहको रुपमा सुनवल नगरपालिकालाई घोषणा गर्ने यस ऐतिहासिक तथा गौरवमय घोषणा समारोहमा माननीय मुख्य मन्त्री ज्यू लगायत उपस्थित सम्पूर्ण विशिष्ट महानुभावहरूमा सुनवल नगरपालिका एवं समस्त सुनवल नगरबासीहरूका तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस ऐतिहासिक घडिमा शहिद विष्णुप्रसाद पाण्डे लगायत राष्ट्र निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

बालमैत्री स्थानीय शासनका सम्पुर्ण सूचकहरू पूरा गरी नेपालको पहिलो बालमैत्री स्थानीय निकायको रुपमा सम्बत् २०७२ जेष्ठ ३२ गते साविक सुनवल नगरपालिका (१० वटा वडा) बालमैत्री घोषणा भएको व्यहोरा सर्ववदितै छ ।

राष्ट्र सङ्घीय गणतान्त्रिक राज्य व्यवस्थामा रुपान्तरण भएसँगै नेपालको संविधान बमोजिम स्थानीय तहको पुनः संरचना हुँदा साविकको सुनवल नगरपालिका, रामनगर गाउँ विकास समिति र धुर्कोट गाउँ विकास समितीको वडा नं. ६ लाई मिलाई अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा हालको सुनवल नगरपालिका घोषणा भयो। वर्षौंदेखिको जनप्रतिनिधी विहिनताको अवस्थालाई अन्त्य गर्दै स्थानीय तहको निर्वाचन मार्फत आदरणीय नगरवासीहरूद्वारा हामीलाई सुम्पिएको नगर विकासको जिम्मेवारी बहन गर्न नगरपालिकाबाट नगरको वडा नं. १ देखि वडा नं. १० सम्म बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि साथै वडा नं. ११, १२ र १३ मा बालमैत्री स्थानीय शासनका सुचकहरूमा आधारित रहि सघन रुपमा कार्यक्रमहरू सञ्चालन भए। नगरपालिकाको निरन्तर प्रयास, आम नगरवासीको साथ र साझेदारी तथा सरोकारवाला सबैको सहयोग र समन्वयबाट बालमैत्री स्थानीय शासनका लागि तोकिएका सम्पूर्ण सूचक पूरा गरी माननीय मुख्यमन्त्री ज्यूबाट वडा नं. ११, १२ र १३ का साथै नेपालको पहिलो बालमैत्री स्थानीय तहका रुपमा बालमैत्री सुनवल नगरपालिका घोषणा गर्ने यस ऐतिहासिक तथा गरिमामय घोषणा समारोहमा सुनवल नगरपालिका एवं बालमैत्री स्थानीय शासन नगर समितिको तर्फबाट यो संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्न पाउदाँ मैले गौरव महसुस गरेको छु।

अब म सुनवल नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्दछु।

नेपालको मध्य भाग प्रदेश नं. ५ को नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा अवस्थित यस सुनवल नगरपालिका १३९.१० वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको छ। १३ वटा वडा रहेको यस सुनवल नगरपालिकामा १२६५९ घरधुरी, ३३९८० महिला र ३४१०२ पुरुष सहित ६८०८२ जनसंख्या रहेको छ। उक्त जनसंख्या मध्ये १४५४८ बालक र १३७१२ बालिका सहित २८२६० जना बालबालिका रहेका छन्। केही चुरे क्षेत्र र केही समथर भू-भाग सहित कृषि, पर्यटन, उद्योग र व्यापारको सम्भावना बोकेको प्रचुर प्राकृतिक स्रोतयुक्त रमणीय यस नगरपालिका पूर्व पश्चिम राजमार्गद्वारा राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। यसको पूर्वमा सरावल गाँउपालिका र बर्दघाट नगरपालिका, पश्चिममा रुपन्देही जिल्लाको देवदह नगरपालिका, दक्षिणमा रामग्राम नगरपालिका र उत्तरमा पाल्पा जिल्लाको माथागडी गाउँपालिका रहेको छ। यस नगरपालिकामा ३५ सामुदायिक र १९ संस्थागत गरी कुल ५४ शैक्षिक संस्था रहेका छन्। उच्च शिक्षाको लागि एक गुणस्तर प्रमाण सहितको ३ सामुदायिक र १ निजी क्याम्पस रहेका छन्। यस नगर क्षेत्रमा १६० वटा बालक्लब, १३ वटा वडास्तरका बालक्लब सञ्जाल, एउटा नगरस्तरको बालक्लब सञ्जाल र युवा क्लब, आमा समुह जस्ता संघसंस्थाका साथै विभिन्न सामुदायिक संस्थाहरू क्रियाशिल रहेका छन्। पूर्ण खोपयुक्त नगरपालिका, पूर्ण साक्षर नगरपालिका, खुला दिशामुक्त नगरपालिका जस्ता बालमैत्री स्थानीय शासनमा टेवा पुऱ्याउने अभियानमा समेत यस नगरपालिकाले सफलता हासिल गरी सो को दिगो व्यवस्थापन गरिरहेको छ।

अब म बालमैत्री स्थानीय शासनको अवधारणागत विषयमा केहि कुरा राख्दछु। मानवको गर्भपूर्व देखि मृत्यु पर्यन्तका सरोकारका विषयमा राज्यको दायित्व रहेसँगै

बालमैत्री स्थानीय शासनको महत्व बढ्दै गएको छ । राज्यको पुनः संरचना संगै स्थानीय सरकारको रुपमा स्थापित स्थानीय तहमा बालमैत्री स्थानीय शासनले बढि महत्व राखेको छ ।

बालमैत्री स्थानीय शासन बाल अधिकार प्रवर्द्धनका लागि अगाडि सारिएको एक अवधारणा हो । यसले बालबालिकामाथि गरिने शासन र बालबालिकाद्वारा गरिने शासन दुवैलाई अस्विकार गर्दै राज्यको तर्फबाट बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागीता जस्ता बाल अधिकारका सवाललाई स्थानीय स्तरको निति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई बुझाउँछ ।

नेपाल सरकारले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ को पक्ष राष्ट्र भएसंगै उक्त महासन्धीले निर्दिष्ट गरेका बालबचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता जस्ता बाल अधिकारका ४ आयामहरूलाई प्रत्याभुत गराउन नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिका सम्बन्धी ऐन २०४८ जस्ता कानुनी आधार तयार गरी कार्यान्वयनमा ल्याएको छ । स्थानीय स्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीती २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तथा बलामैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७० जस्ता कानुनी र नीतिगत व्यवस्थाका साथै नेपाल सरकारको विभिन्न नीतिगत निर्णहरूबाट मार्ग प्रशस्त भएको छ । उक्त नीतिगत तथा कानुनी मार्गदर्शनमा आधारित रही सुनवल नगरपालिकाले बालबालिकालाई कुनै प्रकारको भेदभाव नगरीकन गैर विभेदीकरणको सिद्धान्त, शासन सञ्चालनमा बालबालिकाको सर्वोत्तम हितलाई बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त, बालबालिकाको सर्वाङ्गिण विकासको सिद्धान्त, बालबालिकाको विचारको सम्मान र सहभागिताको सिद्धान्त, बालहितका वस्तु र सेवा बालबालिकाको नजिकमा रही प्रस्ताव गरिने सन्नीकटताको सिद्धान्त, सबै प्रकारका बालबालिकाको सहभागिता सुनिश्चत गर्ने समावेशीकरणको सिद्धान्त, समुदायमा आधारित बाल विकासको सिद्धान्त लगायतको सिद्धान्तहरूको मध्यनजर राखि बालमैत्री शासन पद्धतिको छनोट, अवलम्वन र घोषणा जस्ता चरणहरू अवलम्वन गर्दै चरणवद्ध रुपमा बालमैत्री शासनलाई कार्यान्वयनमा ल्याएको छ ।

यसैक्रममा अभिमुखिकरण, विकास र विस्तार, निति रणनिति तथा कार्य योजना तर्जुमा, संस्थागत संरचनाको प्रबन्ध, सरोकारवालको प्रतिबद्धता, न्युनतम सेवा सूचकहरूको निर्धारण र कार्यान्वयन जस्ता विभिन्न १६ वटा खुड्कीलाहरू पार गरेको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले तय गरेका सेवा प्रवाह सम्बन्धी २७ वटा र संस्थागत तर्फ १२ वटा गरी कुल ३९ वटा सूचकहरूका साथै विद्यालयमा अपाङ्गमैत्री ञ्याम भएको हुनुपर्ने, आयोडिन युक्त नुनको प्रयोग भएको हुनुपर्ने र लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण गर्ने जस्ता ३ वटा सूचकहरू थप गरी जम्मा ४२ वटा सूचकमा यस नगरपालिकाले लक्ष्य हासिल गरेको छ ।

अब म बालमैत्री वडा तथा नगर निर्माणका लागि भएका प्रयासहरूको बारेमा

संक्षेपमा उल्लेख गर्दछु ।

बालमैत्री वडा सहित नगर निर्माणका लागि बालमैत्री नगर निर्माण कार्ययोजना र लगानी योजना बनाई बालअधिकारका चार क्षेत्रहरू बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता र संस्थागत सूचकका क्षेत्रमा काम भैरहेको छ । बाल बचाउको क्षेत्रमा १० वटा सूचकहरू प्राप्तिका लागि विशेष गरी गर्भवती देखि १००० दिनसम्मका आमाहरूलाई सुरक्षित मातृत्व, पोषिलो खानपान, पूर्ण स्तनपान बालबालिको मस्तिष्क विकासमा ध्यान दिनुपर्ने जस्ता विषयमा सचेतना, सबै सुत्केरी आमाहरूलाई रू.२,०००/- पोषण भत्ता थप, आयोडिनयुक्त नुनको प्रयोग, पानी शुद्धिकरण विधि तथा सरसफाई सम्बन्धी सचेतना प्रचार प्रसार नियमित अनुगमन जस्ता कार्यहरू सञ्चालन भए ।

त्यस्तै गरी बाल संरक्षणका सूचकहरू प्राप्ति र समग्र बालबालिकाको संरक्षणका लागि बाल संरक्षण नीति तथा कार्ययोजना तयारी, जन्मदर्ता अभियान सञ्चालन र सचेतना, बालश्रम अनुगमन र पुर्नउत्थान, बाल विवाह न्युनिकरणका लागि सचेतना, बालबालिका माथी हुने हिंसा, शोषण तथा दुर्व्यव्यवहार न्यूनिकरणका लागि सचेतना र लागू पदार्थ दुर्व्यसनी विरुद्ध निरन्तर सचेतना र अनुगमनका साथै नगर क्षेत्रभित्र रहेका ६ जना अभिभावक विहिन बालबालिकालाई बालगृहमा राखी उनीहरूको संरक्षण शिक्षा र पालन पोषणको व्यवस्था मिलाईएको छ ।

बाल विकासको क्षेत्र विषेश गरी शिक्षासंग सम्बन्धित क्षेत्र भएकोले विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै विद्यालय बाहिर रहेका र बीचमै विद्यालय छोडेका विद्यालय जाने उमेरका बालबालिकालाई पुनः विद्यालय प्रवेश गराउने कार्य भएको छ । विद्यालयमा बालमैत्री धारा, छात्रामैत्री शौचालय, बालविकास केन्द्र व्यवस्थापन र बालमैत्री पूर्वाधार व्यवस्थापनका लागि अत्यावश्यक अनुदान प्रदान गर्नुका साथै दण्डरहित शिक्षाको प्रतिबद्धता र कार्यान्वयन, शिक्षक शिक्षिकालाई बालमैत्री व्यवहार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै नियमित अनुगमन गरिएको थियो ।

अर्थपूर्ण बालसहभागिताको सुनिश्चितताको लागि योजना निर्माणको क्रममा बाल भेला गरी बालबालिकाको योजनाहरू नगर विकास योजनामा समावेश गरिएको छ । विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति जस्ता स्थानीय संरचनाहरूमा बाल सहभागिता सुनिश्चित गरिएको छ । बालक्लवका सदस्यहरूका लागि समय समयमा क्षमता विकास, बालक्लव सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।

बालमैत्री स्थानीय शासनको संस्थागत विकासको निरन्तरताको लागि बालबालिकाको क्षेत्रमा आवश्यक बजेटको व्यवस्थापन गरिएको छ । बालमैत्री वडा र नगर निर्माणको लागि बालबालिका विभिन्न कार्यालय तथा निकायहरू, शैक्षिक संस्था, घरपरिवार र समुदायले पालन गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याएको

छ। बालबालिकाको अवस्था झल्किने गरी वस्तुगत विवरण र स्थितिपत्र तयार गरिएको छ। बालमैत्री नगर घोषणा पश्चातको दिगोपनाका लागि रणनितिक योजना निर्माण भई नगरसभाबाट पारित समेत भईसकेको छ। बालमैत्री नगर तथा वडा समितिहरूका साथै नगरस्तरको बालसंरक्षण समिति क्रियाशिल छन्। साथै पहिलो पटक सुनवलको परिकल्पनामा नेपालका सबै स्थानीय तहले बालमैत्री स्थानीय शासनको विषयमा अध्ययन अवलोकन तथा अनुसन्धान गर्न सहजता ल्याउनका लागि बालमैत्री सिकाई केन्द्र निर्माण गरिएको छ। देशलाई नै बालमैत्री बनाउने अभियानलाई सहयोग पुऱ्याउन सिक्ने सिकाउने थलोको रुपमा बालमैत्री सिकाई केन्द्रलाई सञ्चालन गर्नेगरी कार्य भईरहेको छ।

बालमैत्री स्थानीय शासनका लागि हासिल गरेका सूचकगत उपलब्धिहरूको विवरण र सञ्चालित क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति विवरण अनुसुचीमा उल्लेख भए बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु।

बालमैत्री स्थानीय शासनको यो अभियानलाई सफलतामा पुऱ्याउन नगरपालिकाको एकल प्रयासले मात्र सम्भव थिएन। यस कार्यलाई सफल बनाउन अहोरात्र खट्ने नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण संरचना तथा संयन्त्रको साथमा यहाँका विद्यालयहरू, प्रहरी प्रशासन, क्रियाशिल संघसंस्थाहरू लगायत विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू तथा स्वयं बालबालिकाहरूका साथै समग्र नगरवासीहरूको साथ र सहकार्यले मात्र सम्भव भएको हो। त्यस्तै जिल्ला स्थित जिल्ला समन्वयन समिति, जिल्ला स्तरीय बालमैत्री स्थानीय शासन समिति, जिल्ला बाल कल्याण समिति, प्रहरी प्रशासन तथा न्यायीक निकायहरू महिला तथा बालबालिका कार्यालय लगायत बालसरोकारका विषयमा प्रत्यक्ष र परोक्ष रुपमा सरोकार राख्ने निकायहरूको सहयोग, समन्वय र निरन्तरको अनुगमनबाट यस अभियानले सार्थक सफलता हासिल गर्न सकेको छ। यस महान अभियानलाई सफल पार्न प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा म हार्दिक धन्यवाद आभार प्रकट गर्दछु।

हाम्रो यस प्रयासलाई सार्थकता प्रदान गर्न र यस अभियानलाई दिगो रुपमा निरन्तरता दिन हौसला बढाउन आफ्नो अमूल्य समयका बाबजुद समय दिई नगरको वडा नं. ११, १२ र १३ का साथै सुनवल नगरपालिकालाई नेपालकै पहिलो बालमैत्री स्थानीय तहका रुपमा घोषणा गरी हामीलाई उत्साह प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री ज्यूप्रति म सुनवल नगरपालिका र समग्र नगरवासीका तर्फबाट विशेष धन्यवाद एवं

भीम बहादुर थापा क्षेत्री
नगर प्रमुख
सुनवल नगरपालिका
मिति २०७५/०५/०३